नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

इ.प्रा. परिपत्र संख्या : २३/२०७८-७९

मिति: २०७८/१२/०४

**श्री नेपाल राष्ट्र बैंक, बैंकिङ्ग विभागलगायत सम्पूर्ण प्रदेशस्थित कार्यालयहरु ।**
**श्री विदेशी विनिमय कारोबार गर्ने इजाजतपत्रप्राप्त "क" वर्गका वाणिज्य बैंकहरु, राष्ट्रियस्तरका "ख" वर्गका विकास बैंकहरु र अन्य निकायहरु ।**

**विषय : एकीकृत परिपत्र-२०७८ मा संशोधन गरिएको सम्बन्धमा ।**

महाशय,

विदेशी विनिमय कारोबार गर्ने इजाजतपत्रप्राप्त निकायलाई जारी गरिएको एकीकृत परिपत्र-२०७८ मा देहायबमोजिम संशोधन/थप गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

१. एकीकृत परिपत्र-२०७८ को एकीकृत इ.प्रा. परिपत्र: ०१/२०७८ को दफा १.१४ लाई देहायबमोजिम संशोधन गरिएको छ:

लगानी बोर्डबाट राष्ट्रिय महत्वको आयोजनाको रुपमा पहिचान भएको र हाल निर्माण शुरु भएको अरुण तेस्रो जलविद्युत आयोजनाको लागि PDA मा उल्लेख भएबमोजिम आयोजनाको विकासकर्ता SJVN- Arun -3 Power Development Company ले परामर्शदाता/निर्माणकर्ता ठेकेदार/**आपूर्तिकर्ता**लाई दिनु पर्ने भुक्तानीको सटही सुविधा प्रदान गर्नुपर्दा विकासकर्ता कम्पनीबाट कार्यसम्पादन यकीन तथा लगानी बोर्डको कार्यालयबाट सिफारिस भई आएको आधारमा तपसिलमा उल्लेखित कागजातहरूको परीक्षण गरी वाणिज्य बैंकहरूले ठेक्का रकमको सीमा ननाघ्ने गरी सिधै भारतीय रुपैयाँको सटही सुविधा प्रदान गर्न सक्नेछन् । यसरी **वाणिज्य** बैंकले सटही सुविधा उपलब्ध गराउँदा सोको जानकारी लगानी बोर्डको कार्यालय र यस विभागलाई दिनु पर्नेछ । **यसरी ड्राफ्ट/टी.टी. मार्फत् भारतीय परामर्शदाता/निर्माणकर्ता ठेकेदार/आपूर्तिकर्तालाई भारतमा भुक्तानी हुने गरी त्यस्तो सटही सुविधा उपलब्ध गराउँदा दफा १.११.१(क), (च), (झ) र (ञ) मा उल्लिखित रकमसम्बन्धी सीमा लागू हुने छैन । तर, परामर्शदाता/निर्माणकर्ता ठेकेदार/आपूर्तिकर्तासँग भएको करार-सम्झौताको रकमभित्र रहने गरी त्यस्तो सीमा प्रति बिल/बीजक भा.रु. २० करोडसम्म हुनेछ ।**

तपसिल:

१. आयोजना विकासकर्ता SJVN- Arun -3 Power Development Company बाट कार्यसम्पादन भएको व्यहोराको पत्र ।
२. लगानी बोर्डको कार्यालयको सिफारिस पत्र ।
३. भुक्तानी वापत नियमानुसार तिर्नुपर्ने कर तिरेको प्रमाण ।
४. ठेक्का कुल रकमको सीमाभित्र रहेको प्रमाण ।

२. एकीकृत परिपत्र-२०७८ को एकीकृत इ.प्रा. परिपत्र: १०/२०७८ को दफा १ मा रहेका निकायहरुको सूचीमा देहायबमोजिम थप गरिएको छ:

**(द) राष्ट्रिय प्रसारण ग्रिड कम्पनी लिमिटेड**

भवदीय,

२०७८।१२।०४

(रामु पौडेल)
कार्यकारी निर्देशक

बोधार्थ:
१. श्री गभर्नरको कार्यालय ।
२. श्री डेपुटी गभर्नरको कार्यालय ।

३. नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा ।
४. नेपाल सरकार, अर्थ मन्त्रालय, भन्सार विभाग ।
५. नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग ।
६. श्री नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग ।
७. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
८. श्री नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरिवेक्षण विभाग ।
९. श्री नेपाल राष्ट्र बैंक, गैर बैंक तथा वित्तीय संस्था सुपरिवेक्षण विभाग ।
१०. श्री नेपाल राष्ट्र बैंक, आन्तरिक लेखापरीक्षण विभाग ।
११. श्री नेपाल उद्योग वाणिज्य महासंघ ।
१२. श्री नेपाल उद्योग परिसंघ ।
१३. श्री नेपाल चेम्बर अफ कमर्स ।
१४. श्री नेपाल बैंकर्स संघ ।
१५. श्री डेभलपमेण्ट बैंकर्स एशोसिएसन ।

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग